




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ६ गते सोमबार ❑ 22 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## एमाले अध्यक्षमा डा रावलको उम्मेदवारी घोषणा

रासस
काठमाडौं, ५ मंसिर



नेकपा (एमाले)का उपाध्यक्ष डा भीमबहादुर रावलले पार्टीको दसौँ राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदमा उम्मेवारी घोषणा गर्नुभएको छ।

नेता रावलले सोमबार पत्रकार सम्मेलन गरी पार्टीमा १० बुँदे सहमति र अन्तरपार्टी निर्देशन १३ को सहीरूपमा पालना नभएकामा आलोचना गर्दै मुलुकका सामु विद्यमान चुनौतीको सामना गर्न लागिपर्ने गरी उम्मेदवारी घोषणा गर्नुभएको हो । उहाँले यही मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने राष्ट्रिय महाधिवेशन पार्टीलाई एकताबद्ध, सुसङ्गठित र समयका चुनौतीहरुको सामना गर्नसक्ने गरी क्रियाशील तुल्याउन तथा गत असोजमा सम्पन्न विधान महाधिवेशनबाट पार्टीको विधानलगायतका राजनीतिक र सङ्गठनात्मक दस्तावेजहरु पारित भए पनि त्यसमा उल्लिखित विषयहरुलाई प्राथमिकीकरण गर्दै कार्यान्वयन गर्न तद्नुकूलको नेतृत्व अपरिहार्य हुने बताउनुभयो ।

'पछिल्लो समय उत्पन्न अन्तरद्वन्द्वको व्यवस्थापनका लागि पनि मैले पार्टी अध्यक्ष र अन्य नेताहरुसँग अनेकौँ पटक वार्ता गर्नाका साथै मध्यस्थको समेत भूमिका निर्वाह गरेँ तर आफ्नो अख्तियारीको सीमाबन्धन र निर्णयाधिकारी अरू नै भएकाले वाञ्छित परिणाम हासिल गर्न सकिएन,' नेता रावलले भन्नुभयो, 'एमाले सक्षम बनिरहोस् भन्ने भावनाका साथ मतभेद, द्वन्द्व र कटुताका सबै अवरोधहरुलाई बेवास्ता गर्दै म पार्टी एकताको पक्षमा र विभाजन तथा फुटको विपक्षमा उभिएको छु । यो कुनै पनि प्रकारको व्यक्तिगत स्वार्थ नराखी जनता र देशको उज्यालो भविष्य र सुरक्षाको एक मात्र लक्ष्य हृदयमा राखेर नै सम्भव भएको थियो । सिद्धान्तनिष्ठ, विधि र पद्धतिसम्मत किसिमले सञ्चालित तथा जनता र देशको सर्वोपरि हितमा समर्पित सशक्त एमाले मेरो चाहना हो ।'

## विस्तृत शान्ति सम्झौताको पालना गरी पीडितलाई न्याय दिन आग्रह

रासस
काठमाडौं, ५ मंसिर

राष्ट्रिय मानव अधिकार आयोगले विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार सङ्क्रमणकालीन न्यायको काम पूरा गर्न आग्रह गरेको छ।

आयोगले सङ्क्रमणकालीन न्यायका संयन्त्रसँग सम्बन्धित कानुनहरु मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्यमान्यता र आयोगको सिफारिस तथा सर्वोच्च अदालतको निर्णय अनुकूल हुने गरी संशोधन गर्न आग्रह गरेको हो । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'द्वन्द्वपीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न तथा आयोगले दोषी ठहर गरेका मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याई दण्डहीनताको स्थिति अन्त्य गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।'

सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य अभिलेख गर्ने र गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीउपर कारबाही तथा पीडितलाई परिपूरणका विस्तृत कार्यक्रमहरु सम्पन्न गर्न अझै बाँकी छन् । आयोगले पीडितले न्यायको अनुभूति गर्ने र देशमा दण्डहीनताको स्थिति न्यून हुन जाने अवस्था सिर्जना हुने देखिएको हुँदा यसतर्फ सबै सरोकारवालाको ध्यान जान जरुरी रहेको जनाएको छ ।

नेपालमा २०५२ सालबाट सुरु भई १० वर्षसम्म चलेको सशस्त्रद्वन्द्व नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतापश्चात् औपचारिक रुपमा अन्त्य भएको १५ वर्ष पूरा भएको छ । नेपाल सरकार र तत्कालीन विद्रोहीपक्ष बीच भएको उक्त सम्झौतामा उल्लेख गरिएका विषयहरुको पालना भए/नभएको अनुगमन गर्ने जिम्मेवारी यस आयोगलाई तोकिएको स्मरणसमेत आयोगले गरेको छ ।

शान्ति प्रक्रियाका विभिन्न कार्यमध्ये हतियार व्यवस्थापन, विद्रोही लडाकुको समायोजन, संक्रमणकालीन न्यायिक संयन्त्रको गठन, संविधानसभाको निर्वाचन र संविधान निर्माणजस्ता सकारात्मक कार्यका बाबजुद द्वन्द्वपीडितले अझै न्याय प्राप्त गर्न नसकेको स्थिति छ । 'संक्रमणकालीन न्यायका सम्बन्धमा गठित आयोगहरुले संशोधित कानुनको अभावमा द्वन्द्वपीडितलाई न्यायको अनुभूति हुन सक्ने गरी कार्य गर्न अझै सकेका छैनन्,' विज्ञप्तिमा भनिएको छ, 'द्वन्द्वपीडित र मानव अधिकारकर्मीको पटकपटकको खबरदारीपछि पनि दण्डहीनताको अन्त्यका लागि सन्तोषजनक कार्य हुन नसक्नु चिन्ताको विषय भएको छ ।' आयोगले शान्ति प्रक्रियाको अनुगमन गर्नाका साथै द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान र सिफारिस गर्दै आएको छ । तर मानवअधिकार उल्लङ्घनका दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति दिनका लागि आयोगले गरेका सिफारिसमध्ये अधिकांश सिफारिस विगतको द्वन्द्वसँग सम्बन्धित भएतापनि तिनको कार्यान्वयन अवस्था सन्तोषजनक नभएको जनाएको छ ।

'सिफारिस कार्यान्वयन नभएका कारणबाट द्वन्द्वपीडितले न्याय प्राप्त गर्न नसक्नु, बलपूर्वक बेपत्ताविरुद्धको घटनामा आयोगले कारबाहीका लागि सिफारिस गरे पनि त्यसका लागि पर्याप्त कानुनी व्यवस्थाको अभाव हुनु देखिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'केही द्वन्द्वपीडितले अन्तरिम राहत तथा क्षतिपूर्तिको रकम प्राप्त गरेको भए तापनि मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न दोषीलाई कारबाही नहुनु, बरु आयोगले कारबाहीका लागि सिफारिस गरेका कतिपय अधिकारी पुरस्कृत र बढुवा हुनुले दण्डहीनताको स्थिति अन्त्य हुन सकेको देखिन्न ।'

सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरु समेत प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिएको र द्वन्द्वको समयमा राज्यपक्ष तथा तत्कालीन विद्रोही पक्षबाट भएका पीडित तथा पीडित परिवारले हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरु पूरा नभइसकेको सन्दर्भमा आशातीत रुपमा न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था भएको आयोगको ठहर छ ।

## एमसिसीको विषयमा गठबन्धनले निर्णय गर्छः अर्थमन्त्री शर्मा

रासस
काठमाडौं, ५ मंसिर

अर्थमन्त्री जनार्दन शर्माले एमसिसीको विषयमा पाँच दलीय गठबन्धनले निर्णय गर्ने बताउनुभएको छ।

आइतबार यहाँ पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले गठबन्धनको सरकार भएकाले उसैको निर्णयानुसार चल्ने बताउनुभएको हो । उहाँले भन्नुभयो, "यसबारे गठबन्धनभित्र छलफल भइरहेको छ। सरकारमा पनि छलफल जारी छ।" देशको विकास, प्रगति, संविधानको रक्षा र कार्यान्वयनका लागि अहिलेको सरकार बनेको भन्दै उहाँले हरेक निर्णय गठबन्धनबाटै हुने बताउनुभयो ।

अर्थमन्त्री शर्माले विदेशी लगानी, विकास निर्माण र कोभिडले थलिएको अर्थतन्त्रलाई चलायमान बनाउन सरकार लागिरहेको छ भन्नुभयो।

फरक प्रसङ्गमा बोल्दै उहाँले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि सरकार सकारात्मक रहेको बताउनुभयो । धुर्मुस-सुन्तली फाउन्डेसनले साहासिक कदम अघि बढाएको भन्दै उहाँले सरकारले यसमा कसरी सहयोग गर्ने भन्ने विषयमा छलफल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "थोरै लगानीमा पनि खेल खेलाउन सक्ने स्थितिमा पुगेको बुझेको छु । मैले उहाँहरूलाई निराश नहुनुस् अघि बढ्नुस भनेको छु।"

## गण्डकीमा एक हप्तामा २६५ जना संक्रमणमुक्त

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

गण्डकी प्रदेशमा पछिल्लो एक हप्तामा २६५ जना सङ्क्रमणमुक्त भएका छन् भने छजनाको मृत्यु भएको छ।

एक हप्ताको अवधिमा १४१ जना सङ्क्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । प्रदेशमा पछिल्लो २४ घण्टामा ३२ जना सङ्क्रमणमुक्त भएको र ३१ जना सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, गण्डकीका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

## जन्ती बोकेको जीप दुर्घटना, चार जनाको मृत्यु

रासस
काठमाडौं, ५ मंसिर

बैतडीमा जन्ती बोकेको जीप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ।

देहिमाडौँबाट जन्ती बोकेर सिमायलतर्फ जाँदै गरेको म१ज ३१० नंको जीप करिब साढे ८ बजे दशरथचन्द नगरपालिका-४ को कलुवाड मोडमा दुर्घटना भएको हो ।

दुर्घटनामा परी चार जनाको घटनास्थलमै मृत्यु भएको प्रहरी निरीक्षक बोधराज ओझाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कम्तीमा चार जनाको मृत्यु भएको छ, प्रहरी उद्धारमा खटिएको छ ।" दुर्घटनामा परेर तीन जना गम्भीर घाइते भएका छन् । मृतक र घाइतेको परिचय खुल्न सकेको छैन ।

घाइते र मृतकलाई जिल्ला अस्पताल लगिएको छ । जीप सडकबाट सात सय मिटर तल खसेको घटनास्थलमा खटिएका प्रहरी निरीक्षक दर्शन खड्काले जानकारी दिनुभयो । दुर्घटनाको कारण खुल्न सकेको छैन ।

## थप २३८ मा कोरोना संक्रमण पुष्टि, एकको मृत्यु

रासस
काठमाडौं, ५ मंसिर

देशभर पछिल्लो २४ घण्टामा थप २३८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

नौ हजार १२३ को पीसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या आठ लाख १९ हजार १९ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ३१४ रहेको छ। पछिल्लो समय थप ३७० जना कोरोनाबाट निको भएका छन् । योसँगै निको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बालबालिकालाई फाइजर खोप

रासस
काठमाडौं, ५ मंसिर

कोभिडविरुद्धको फाइजर खोप सोमबारबाट १२ देखि १७ वर्ष उमेर समूहका सर्वसाधारण बालबालिकालाई दिन शुरु गरिएको छ।

कोभिड १९ विरुद्धको खोप नलगाएका तोकिएका दीर्घ रोग भएका १२ वर्ष उमेर माथिका व्यक्तिलाई दिइने फाइजर खोपको पहिलो मात्रा गत कात्तिक २८ देखि यही मङ्सिर ४ गतेसम्म दिइएको थियो भने दोस्रो मात्रा यही मङ्सिर २७ देखि आगामी पुस २ गतेसम्म दिइने स्वास्थ्य कार्यालय काठमाडौँले जनाएको छ।

स्वास्थ्य कार्यालयका प्रमुख शम्भु काफ्लेले फाइजरका लागि तोकिएका गङ्गालाल हृदयरोग केन्द्र, त्रिवि शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, वीर अस्पताल र निजामती अस्पतालका खोप केन्द्रमार्फत खोप दिने गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार खोपको मात्रा कम भएकाले ती केन्द्रहरुमार्फत आज र भोलि पहिले आउनेलाई प्राथमिकताका आधारमा खोप दिने प्रबन्ध मिलाइएको छ। आजका लागि खोप केन्द्रअनुसार ३०० देखि ४०० खोप पडाइएको उहाँले बताउनुभयो।

फाइजर खोप लगाउने लक्षित दीर्घ रोगी समूहमा मुटुको शल्यक्रिया गराएका वा औषधि सेवन गरिरहेका, मिर्गौला फेरेका, डायल इसिस गराइरहेका वा औषधि सेवन गरिरहेका, जुनसुकै प्रकारको क्यान्सरको उपचार गराइरहेका, फोक्सोसम्बन्धी रोगको औषधि सेवन गरिरहेका, अङ्ग प्रत्यारोपण गराएका, उच्च रक्तचाप वा मधुमेह भई चिकित्सकको निगरानीमा उपचार गराइरहेका, रोग प्रतिरोधात्मक क्षमता कम भएको अवस्थाका र मस्तिष्क र मस्तिष्कका रक्तनलीसम्बन्धी रोग भएका व्यक्तिहरु पर्दछन् ।

सुरक्षित र प्रभावकारी मानिएको यो खोपको दुबै मात्रा पूरा गरेमा ९५ प्रतिशतसम्म प्रभावकारी हुने अध्ययनले देखाएको छ । कोभ्याक्स सुविधाअन्तर्गत नेपालले प्राप्त गरेको एक लाख ६२० डोज खोप काठमाडौं उपत्यकामा आठ र उपत्यका बाहिरका १६ गरी कुल २४ अस्पतालमा केन्द्र तोकेर गत २८ कात्तिकदेखि लगाउन सुरु गरिएको थियो ।




# समाजसेवी गुरुङद्वारा जन्मदिनमा तीन संस्थालाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**



हङकङनिवासी समाजसेवी दुर्गा गुरुङ "मिलन"ले आफ्नो जन्मदिनको अवसर पारी यही मंसिर २ गते तीन संस्थालाई सहयोग गर्नुभएको छ।

मिलन फाउण्डेशन नेपालका संरक्षक, मिलन डी.जी. इन्टरनेशनल प्रालिका अध्यक्ष एवं पर्वत मञ्च-हङकङका अध्यक्ष समेत रहनुभएका समाजसेवी गुरुङले मिलन फाउण्डेशन नेपालमार्फत् पाल्पाको एक विद्यालय र पुस्तकालयका लागि न्यानो पोशाक तथा पुस्तक सहयोग गर्नुभएको छ। पाल्पाको रम्भा गाउँपालिका वडा नं. २, सुरुमडाँडास्थित महेन्द्र आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थी तथा शिक्षकका लागि न्यानो पोशाक र सोही विद्यालयमा स्थापित मिलन पुस्तकालयका लागि आवश्यक पुस्तक बिहीबार आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको हो।

सो अवसरमा वडाध्यक्ष उमानसिंह सारू, मिलन फाउण्डेशन नेपालका कार्यवाहक अध्यक्ष देवी गुरुङ, सचिव खडकबहादुर गुरुङ "मदन", कोषाध्यक्ष एवं कार्यक्रम संयोजक देउकी सिंजाली "दिपिका मिलन"लगायतले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर सिंजाली, प्रधानाध्यापक नारायण मसराङ्गी र मिलन पुस्तकालयका अध्यक्ष दुर्गाबहादुर सिंजालीलाई सो सहयोग हस्तान्तरण गर्नुभएको हो। कार्यक्रममा विद्यार्थीहरूलाई कक्षागत रुपमा न्यानो पोशाक वितरण गरिएको थियो।

कार्यक्रममा बोल्दै वडाध्यक्ष सारूले समाजसेवी गुरुङले विद्यालयका लागि दिएको योगदान प्रशंसनीय रहेको बताउनुभयो। सहयोगस्वरुप प्राप्त भएको सामानको सही सदुपयोग गर्न आग्रह गर्दै वडाध्यक्ष सारूले सरकारी होस् या गैर सरकारी सहयोग भएपनि सहयोगलाई सही ठाउँमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो। सो अवसरमा उहाँले फोक्सिङकोटका अरु विद्यालयमा पनि यस्तै खालको सहयोगलाई विस्तार गर्न मिलन फाउण्डेशन र समाजसेवी गुरुङलाई आग्रह गर्नुभयो।

मिलन फाउण्डेशन नेपालकी कार्यवाहक अध्यक्ष गुरुङले समाजसेवी गुरुङले हरेक वर्ष फाउण्डेशनमार्फत् विभिन्न ठाउँमा सहयोग गर्दै आउनुभएको बताउनुभयो। कार्यक्रममा फाउण्डेशनका सचिव खडकबहादुर गुरुङ "मदन", मिलन पुस्तकालयका अध्यक्ष एवं वडा जनप्रतिनिधि दुर्गाबहादुर सिंजाली र शिक्षक अभिभावक संघकी अध्यक्ष अम्बिसरा सिंजालीले समेत मन्तव्य व्यक्त गर्नुभएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर सिंजालीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शिक्षिका कलिसरा जर्घा र शिक्षक शंकर काम्मुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। सो कार्यक्रमको संयोजन समाजसेवी गुरुङकी छोरी एवं मिलन फाउण्डेशन नेपालकी कोषाध्यक्ष देउकी सिंजाली "दिपिका मिलन"ले गर्नुभएको थियो। यसैबीच, समाजसेवी गुरुङले आफ्नो जन्मदिनको अवसरमा महिला तथा बाल विकास मञ्च नेपाल (माया घर), काठमाडौंलाई समेत ५० हजार रुपैयाँ नगद सहयोग गर्नुभएको छ। समाजसेवी गुरुङले माया घरकी सञ्चालिका दुर्गा आचार्यलाई सो सहयोग रकम प्रदान गर्नुभएको हो। त्यस्तै, तमुस्यो रि च्हमी परिवारलाई समेत समाजसेवी दुर्गा गुरुङ "मिलन"ले ५० हजार रुपैयाँ नगद सहयोग गर्नुभएको छ। परिवारकी अध्यक्ष गौरी गुरुङ "मिलन"लाई सो रकम हस्तान्तरण गर्नुभएको हो। समाजसेवी गुरुङले हरेक वर्ष आफ्नो जन्मदिनको अवसर पारी यी संस्थालाई सहयोग गर्दै आउनुभएको छ। विभिन्न सामाजिक संघसंस्थाको विभिन्न जिम्मेवारीमा समेत क्रियाशील रहनुभएका समाजसेवी गुरुङले मिलन फाउण्डेशन नेपालमार्फत् शिक्षा, खेलकुद तथा स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आउनुभएको छ। पर्वत, पाल्पा, कास्की, लमजुङ, चितवनलगायतका जिल्लामा समाजसेवी गुरुङले विभिन्न अवसरमा सहयोग गर्नुभएको छ।

यसैबीच, मिलन फाउण्डेशन नेपालको सुरुमडाँडामा सम्पन्न बैठकले पोखरा-५, कास्कीका मनलाल गुरुङ, मोदी गाउँपालिका-८, पर्वतका जयप्रकाश गुरुङ, मोदी-५, पर्वतका यामबहादुर मल्ल (जीवन), नारायण क्षेत्री र अमरबहादुर अधिकारीलाई फाउण्डेशनको सदस्यता दिने निर्णय गरेको छ। पाँचै जना नयाँ सदस्यलाई फाउण्डेशनका संरक्षक दुर्गा गुरुङ "मिलन"को प्रस्तावमा नयाँ सदस्यका रुपमा बैठकले पारित गरेको हो।

# सङ्घर्षशील सामाजिक पुरस्कार असफल गौतमलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**



अम्बिका-भागवत फाउण्डेशनद्वारा सञ्चालित सङ्घर्षशील सामाजिक पुरस्कार असफल गौतमलाई अर्पण गरिने भएको छ।

समाजसेवी शिवनारायण बिजुक्छेको संयोजकत्वमा देवी श्रेष्ठ, गोविन्दप्रसाद दवाडी सदस्य, फाउण्डेशन अध्यक्ष भागवत नेपाल र संरक्षक अम्बिका नेपाल पदेन सदस्य रहेको समितिले असफललाई सर्वसम्मत छनौट गरेको हो। सभ्य समाज निर्माणमा सङ्घर्षरत प्रतिभालाई हरेक दुई-दुई वर्षमा अर्पण गरिने पुरस्कारको राशि २५ हजार सम्मानपत्र र दोसल्ला रहेको छ। शिक्षा, स्वास्थ्य, गाँस, बाँस र कपाससँग जोडिएका आधारभूत आवश्यकता परिपूर्तिमा क्रियाशील फाउण्डेशनले समय-समयमा सहयोग हस्तान्तरण, निःशुल्क स्वास्थ्य तथा आँखा शिविर सञ्चालन गर्दै आएको फाउण्डेशनकी सचिव देवी श्रेष्ठले जानकारी दिइन्।

फाउण्डेशनले शान्ति माध्यमिक विद्यालय अर्मलाका ८ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति व्यवस्था, कोरोना महामारीमा परेका विपन्न परिवारलाई खाद्यान्न, स्वास्थ्य सामग्री, दुवै मृगौला पीडित वरुण विकलाई आर्थिक सहयोग प्रदान गरेको र हालसम्म दुई हजार बढी सीमान्तकृत समुदाय लाभान्वित भएको फाउण्डेशनकी कोषाध्यक्ष माधवी नेपाल थापाले बताइन्।

बीएड, एलएलबीका साथै राजनीतिशास्त्र र नेपाली साहित्यमा स्नातकोत्तर गरेका असफल गौतम दर्जन कृतिका सर्जक हुन्। झण्डै तीन दर्जन बढी कृतिका सम्पादक, चार शैक्षिक तथा सामाजिक कोषका संस्थापक उनी यस अघि ४१ वटा सम्मान तथा पुरस्कारबाट विभूषित भइसकेका छन्।

दुई दर्जन संघसंस्थाका आजीवन सदस्य रहेर विभिन्न क्षेत्रमा योगदान दिएका असफल २०५८ सालदेखि पोखरामा रहेर भाषा साहित्य, पत्रकारिता र समाजसेवाका क्षेत्रमा क्रियाशील छन्। हाल मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकी र स्वतन्त्र पत्रकार संघ कास्कीको अध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीको महासचिव, जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको कोषाध्यक्ष, डागर स्मृति प्रतिष्ठानको सहसचिवलगायतका संस्थाका विभिन्न भूमिकामा रहेर सङ्घर्षशील जीवन बिताइरहेका छन्।

# व्यावसायिक महिला क्लबले बाग्लुङमा निः शुल्क आँखा शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**



पोखरा महानगरपालीका वडा नम्वर १ शंकर टोल स्थित पोखरा व्यावसायिक महिला क्लबले बाग्लुङमा निःशुल्क आँखा शिविर कार्यक्रम सम्पन्न गरेको छ।

बाग्लुङको ढोरपाटन नगरपालिका वडा नम्वर १ स्थित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा आयोजना गरेको शिविर आँखाको परिक्षण पछि समस्या देखीएकाहरुको अप्रेशन समेत गरिएको थियो। क्लबले जर्मनीका माईकल बाउर र साथिहरु सगै बाडेन बाडेनको आर्थिक सहयोग र हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा तीनदिने शिविर सम्पन्न गरेको हो। शिविर संचालनको लागि स्थानिय रुपमा ढोरपाटन नगरपालिका, लायन्स क्लब अफ ढोरपाटन, ढोरपाटन चेम्वर अफ कर्मश र बुर्तिबाङ राईजिङ युथ क्लबले सहयोग गरेका थिए।

बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा आयोजित शिविरमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सगै स्थानिय वासिन्दा सगै वरिपरिका क्षेत्रवाट आएका मानिसहरुको सहभागिता रहेको क्लबकी उपाध्यक्ष एंव नि शुल्क आँखा शिविर कार्यक्रमकी संयोजक धनेश्वरी पराजुलीले जानकारी दिईन। शिविरमा आठ सय ९२ जनाको आँखा परिक्षण सगै आवश्यक औषधी वितरण गरिएको थियो।

आँखा जाच गरेकाहरुमध्ये ७७ जनाको आँखामा समस्या देखीएपछि उनिहरुको अप्रेशन गरिएको संयोजक पराजुलीले जानकारी दिईन। ७७ जनामध्ये सात जनाको दुबै आँखाको अप्रेशन गरिएको थियो। विगत केही समयदेखी आँखाका कारण समस्यामा परेकाहरु शिविरमा उपचार पछी आँखा देख्न सफल भएका थिए। यस अघि कार्यक्रमको उद्घाटन ढोरपाटन नगरपालिकाका मेयर देब कुमार नेपालीले कार्यक्रमको ब्यानरमा हस्ताक्षर गरि गरेका थिए। कार्यक्रममा क्लबकी उपाध्यक्ष एंव कार्यक्रम संयोजक पराजुली, सचिव इन्दु भट्टराई र सदस्य रजनी श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो।

क्लवले यस अघि पर्वतको मोदि गाँउपालिका ७ राम्जाठाटी स्थित पशुपति माध्यमिक विद्यालयमा, पोखरा महानगरपालिका १५ स्थित परोपकार गुरुकुल आश्रममा, पर्वतको मोदि गाउँपालिका वडा नम्वर १ सेराबेशि लगायतका स्थानमा नि शुल्क आँखा शिविर संचालन गरिसकेको छ।

यसै गरि हिमालय आँखा अस्पताल पोखरालाई करिव आठ लाख मुल्य बरावरको आँखा जाच्ने मेसिन सहयोग गरेको थियो।

# ए डिभिजन लिग फुटबल : मनाङ मर्स्याङ्दी र ब्रिगेड ब्वाइज विजयी

**रासस**
**काठमाडौं, ५ मंसिर**

सहिद स्मारक 'ए' डिभिजन लिगअन्तर्गत आइतबार भएका खेलमा मनाङ मर्स्याङ्दी क्लब र ब्रिगेड ब्वाइज क्लब आ-आफ्नो खेलमा विजयी भएका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा जावलाखेल युथ क्लबलाई १-० गोलअन्तरले पराजित गर्दै मनाङले लिगमा सुखद सुरुआत गरेको हो। मनाङका लागि दिनेश राजवंशीले खेलको ५६औँ मिनेटमा निर्णायक गोल गर्नुभयो। उहाँ सो खेलमा म्यान अफ दी म्याच चुनिनुभयो। जितसँगै मनाङले तीन अंक जोडेको छ।

यस्तै दशरथ रंगशालामा आइतबार भएको अर्को खेलमा ब्रिगेड ब्वाइज क्लबले विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ क्लबलाई ३-२ गोल अन्तरले पराजित गर्दै लिगमा पहिलो जित दर्ता गराएको छ।

ब्रिगेडका लागि दिनेश राईले दुई तथा सुरज गुरुङले एउटा गोल गर्नुभयो। एपीएफका लागि भने आशिष लामा र बिकी तामाङले एक एक गोल गर्नुभयो। प्रतिस्पर्धात्मक बनेको उक्त खेलमा ब्रिगेडले सुरुआती अग्रता लिएको थियो। खेलको ११औँ मिनेटमा राईले करिब ३५ यार्डबाट प्रहार गरेको बलले जाली चुम्यो। खेलको १७औँ मिनेटमा एपीएफले बराबरी गोल फर्कायो। आवास लामिछानेको क्रसमा आशिष लामाले उक्त गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा पुर्‍याउनुभयो।

यस्तै खेलको ६५औँ मिनेटमा राजवंशीले व्यक्तिगत दोस्रो गोल गर्दै ब्रिगेडलाई २-१ को अग्रता दिलाउनुभयो। खेलको ७७औँ मिनेटमा रवि थिङको पासमा बिकी तामाङले गोल गर्दै एपीएफलाई २-२ गोलको बराबरीमा पुर्‍याउनुभयो। खेलको अत्तिरिक्त समयमा सुरज गुरुङले गोल गर्दै ब्रिगेडलाई ३-२ को जित दिलाउनुभयो। सो खेलको म्यान अफ दी म्याच ब्रिगेडका रोशन राना मगर घोषित हुनुभयो।

जितसँगै ब्रिगेडले ३ अङ्क जोडेको छ। लिगअन्तर्गत सोमबार दुई खेल हुनेछन्। पहिलो खेलमा दुई विभागीय टोली त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा साविक विजेता मछिन्द्र फुटबल क्लब र न्युरोड टिम (एनआरटी) बीच खेल हुने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ।

# थप...

हुनेको सङ्ख्या आठ लाख ३५९ पुगेको छ। निको हुने दर ९७ दशमलव ७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट थप एक जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४९६ पुगेको छ। कोरोनाबाट हुने मृत्यु दर १.४ प्रतिशत रहेको छ।

त्यसैगरी पछिल्लो समय ४० हजार १४जनाले खोप लगाएको मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार १६४ रहेको छ। हाल होम आइसोलेसनमा ६ हजार ६९६ छन्। संस्थागत आइसोलेसनमा ४६८, आईसीयूमा २२७ र भेन्टीलेटरमा ५१ जनाको उपचार हुँदैछ।


## कर्मचारी आवश्यकता

यस आयुर्वेदिक क्लिनिकको लागि तपसिल बमोजिमका योग्य कर्मचारी आवश्यकता परेको हुँदा योग्य व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

| पदः | संख्या |
|---|---|
| ल्याव टेक्निसियन | १ जना |
| ल्याव एसिष्टेन्ट | १ जना |
| सिएमए | २ जना |
| अनमी | २ जना |
| कार्यालय सहयोगी | १ जना |

सम्पर्कः
रश्मी आयूर्वेदिक क्लिनिक
पोखरा-१०, इन्द्रचोक
फोनः ०६१- ४३१४००, ९८५६०२२६०७

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## पायल्सका बिरामीको उपचार सेवा

२०७८ मंसिर ९ र १० गते
डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ
यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला।

लक्षणहरु : १. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने। २. दिशागर्ने ठाँउमा मासु पलाएको। ३. दिशा राम्रोसंग नखुल्ने। ४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस। ५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने।

पेट सम्बन्धी रोगहरुः ग्याट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी।
क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा।

पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६
फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भूकम्पले भत्किएका ७५५ घर पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ मंसिर**

छ वर्षअघिको भूकम्पका कारण भत्किएका म्याग्दीका ७५५ निजी आवासको पुनःनिर्माण सकिएको छ । विसं २०७२ को भूकम्पका कारण भत्किएका घर पुनःनिर्माणका लागि सम्झौता गरेका ७६.५७ प्रतिशत लाभग्राहीले अन्तिम तथा तेस्रो किस्ता अनुदान लगेको जिल्ला आयोजना कार्यान्वयन एकाइ (आवास तथा भवन) एकाइ म्याग्दीले जनाएको छ ।

आयोजनाका प्रमुख वीरबल सुनारले पहिलो किस्ता लगेका ९८६ मध्ये हालसम्म ७५५ जनाले निजी आवास पुनःनिर्माण सकेका जानकारी दिनुभयो । "एक हजार ६५ लाभग्राही पहिचान भएकामा ७९ जनाले सम्झौता नै गर्नुभएन", उहाँले भन्नुभयो, "एक सय ८७ लाभग्राही अझसम्म दोस्रो किस्ता अनुदान लिन आउनुभएको छैन ।"

यही मङ्सिरभित्र घर पुनःनिर्माण सकेर तेस्रो किस्ता अनुदान लिन नआउनेलाई लाभग्राहीको सूचीबाट हटाइने आयोजना प्रमुख सुनारले बताउनुभयो । विसं २०७४ मङ्सिरदेखि म्याग्दीका हरेक स्थानीय तहमा प्राविधिक कर्मचारी खटाई घर पुनःनिर्माण सुरु गरिएको थियो ।

सम्झौतालगत्तै पहिलो किस्तावापत रु ५० हजार, दोस्रो किस्तावापत डिपिसी गरेपछि रु एक लाख ५० हजार र भवन बनाएपछि अन्तिम किस्तावापत रु एक लाख अनुदान उपलब्ध गराउने कार्यविधि छ । दोस्रो किस्ता लगेर तेस्रो किस्ता लिने प्रक्रियामा रहेकाको सङ्ख्या २४ जना छ । पहिलो किस्ता लगेर घर पुनःनिर्माण सुरु गरी दोस्रो किस्ता लिनै नआएकालाई ताकेता गरिएको छ ।

भूकम्पले चर्किएको पहाड खसेर पुरिएको रघुगङ्गा गाउँपालिका-२ र अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने बैसरीलाई जोखिम बस्ती पहिचान गरी अन्यत्र जग्गा नभएका तीन घरधुरीलाई जग्गा खरिदका लागि अधिकतम थप रु दुई लाखका दरले उपलब्ध गराइएको छ । यसैगरी पिप्लेका एक जनाले पनि जग्गा खरिदका लागि अनुदान पाउनुभएको छ ।

बेनी नगरपालिका-४ सिङ्गाका दुई परिवारलाई जिल्ला सहजीकरण समितिको निर्णयानुसार सार्वजनिक जग्गामा घर निर्माण गरी बसोबास गराइएको छ । बयासी जना प्रवलीकरण लाभग्राही भएकामा ४० जना लाभग्राही पुनःनिर्माणमा परिवर्तन भई घर पुनःनिर्माण गरेका छन् ।

प्राधिकरणमार्फत सञ्चालित १८.५४ किलोमिटर दूरीको घारखोला-चित्रे सडक स्तरोन्नति आयोजनाको हालसम्म ५६ प्रतिशत भौतिक प्रगति भएको छ । पोखरेबगर-पाउद्धार सडकअन्तर्गत घारखोलामा मोटरेबल पुलको निर्माण २२ प्रतिशत काम सकिएको छ । पच्चीसमिटरलामोपुलनिर्माणको काम ठेक्का सम्झौता भएको एक वर्षपछि गत फागुनदेखि सुरु भएको थियो ।

# पौँदीमा न्वागी पर्व सुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ मंसिर**

बागलुङ-गुल्मी सीमामा पर्ने पौँदी क्षेत्रमा आजदेखि न्वागी खाने पर्व सुरु भएको छ । वर्षेनी धानबाली भित्र्याएपछि मङ्सिरमा यो पर्व मनाइन्छ । नयाँ चामलमा दही, केरा, सिलाम र चिनी मिसाएर न्वागी बनाई खाने प्रचलन छ ।

ज्योतिषले निकालेको शुभमूर्हतअनुसार बिहान ९:४० बजे उत्तर फर्की न्वागी खाएपछि पर्वको सुरुआत भएको हो । शुभसाइत आज परे पनि दुई/तीनसम्मै न्वागी खाने परम्परा रहेको पौँदी न्वागी मेला तथा संस्कृति संरक्षण समितिका अध्यक्ष कलाधर घिमिरेले बताउनुभयो ।

उहाँका अनुसार गुल्मीको मुसीकोट नगरपालिकाको नेटा, पौँदीअमराई, इस्मा र बागलुङको बडिगाड गाउँपालिकाको ग्वालीचौर, जलजला र दगामा एकै समयमा न्वागी खाने पर्व सुरु हुन्छ । पहिले नेपालमा टुक्रे राज्य हुँदा यी क्षेत्र इस्मा राज्यमा पर्थे ।

कर्णाली राज्य टुक्रिएर १५औँ शताब्दीतिर इस्मा राज्यअन्तर्गत परेपछि पौँदी क्षेत्रमा न्वागी खाने पर्व सुरु भएको कथन छ । "यकिन र लिखित इतिहास त छैन, तर यो पर्व सयौँ वर्षदेखि चल्दै आएको हो", अध्यक्ष घिमिरेले भन्नुभयो, "पौँदी क्षेत्रमा धानखेती धेरै हुने भएकाले तत्कालीन राजा/रजौटाले न्वागीको परम्परा बसालेको हुनुपर्छ।" स्थानीयवासीकोभनाइमा तत्कालीन इस्मा राज्यका राजाले सय मुरी धान फल्ने खेतको गुठी बनाएका थिए । छत्रुगुठीका रूपमा रहेको उक्त खेतमा उब्जाउ भएको धानलाई भित्र्याएपछि पहिलो परिकारस्वरुप न्वागी बनाएर खाने प्रचलनको सुरुआत भएको मानिन्छ । पछि त्यस क्षेत्रका सबै बासिन्दाले धानबाली स्याहारेपछि न्वागी खाने संस्कार बसालेका हुन् । आफन्त, इष्टमित्रलाई समेत घरमा निम्ता गरेर न्वागी खुवाउने चलन रहेको छ । पाहुनालाई सुरुमा न्वागी चखाएपछि नयाँ चामलकै भात र अन्य परिकार खुवाउने गरिन्छ । धानखेत नभएकाले पनि न्वागी खाएर पर्व मनाउँछन् । न्वागी पर्वकै अवसर पारेर आजैदेखि बडिगाड गाउँपालिका-५ ग्वालीचौरमा परम्परागत न्वागी मेला लाग्दैछ । बुधबारसम्म चल्ने मेलामा कृषि प्रदर्शनीसहित प्रतियोगितात्मक खेलकुद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ । गत वर्ष कोभिड-१९ का कारण रोकिएको मेलालाई यसपालिदेखि निरन्तरता दिइएको समितिका सचिव विष्णुप्रसाद आचार्यले बताउनुभयो । पहिले-पहिले त्यस क्षेत्रकै ठूलो मेलाका रूपमा पौँदीको न्वागी मेलालाई लिइन्थ्यो । पछिल्लो समय न्वागी मेलाको स्वरुप फेरिँदै आए पनि स्थानीयवासी अझै पनि मौलिकता जोगाउन लागिपरेका छन् ।

मेलाले त्यस क्षेत्रको कला, संस्कृति, खेल र व्यापारको प्रवर्द्धन तथा उत्थानमा टेवा पुग्ने विश्वास लिइएको छ । मेलामा गाउँपालिका कप खुला पुरुष तथा महिला भलिबल प्रतियोगिता पनि राखिएको छ ।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## गण्डकी प्रादेशिक कार्यालय
## कास्की, पोखरा

## दरभाउपत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०६**

**कास्की जिल्ला पोखरा म.न.पा.०९ पृथ्वीचोक स्थित साविक नेशनल ट्रेडिङ्ग लिमिटेड हाल खाद्य व्यवस्था तथा व्यापार क. लि. प्रादेशिक कार्यालय पोखरा अन्तर्गत रहेको दुई तलाको साना ठुला गरी १० कोठा भएको कार्यालय भवन जो जे अवस्थामा छ सोहि अवस्थामा लिई त्यस भवनको मुल आकृतिमा फरक नपर्ने गरी थप भेरिफाई नगरी आफैले सामान्य मर्मत रगंरोगन गरी प्रयोग गर्ने गरी आगामी ५ वर्षको लागि साविक प्रयोग कर्ताले तिर्दै आएको मासिक भाडा रु ८२,१२५।-(वयासी हजार एक सय पच्चीस) लाई न्यूनतम मासिक भाडा दर कायम गरिएकोले सोहि दरमा नघट्ने गरी रितपूर्वकको दरभाउपत्र भरी पेश गर्नको लागि हाम्रो प्रधान कार्यालय सम्पति व्यवस्थापन महाशाखाको मिति २०७८।०७।२६ प.सं स.व्य. ०७८।०७९ च.न. ७२ को पत्रवाट निर्देशन भए अनुसार नेपाल कानुनले वैधानिक मानेका व्यापार व्यवसाय कार्यालय सञ्चालन गर्न इच्छुक नेपाली नागरीक, संघ, संस्था, फर्म वा व्यक्तिहरुको लागि भाडामा दिन यो १५ दिने गोप्य शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरीएको छ । विस्तृत अन्य जानकारीको लागि कम्पनीको प्रधान कार्यालय सम्पति व्यवस्थापन महाशाखा काठमाडौं र प्रादेशिक कार्यालय पोखरामा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**खाद्य व्यवस्था तथा व्यापार क.लि.**
**प्रादेशिक कार्यालय पोखरा**
**म.न.पा.वार्ड न. १७ विरौटा चोक**
**सम्पर्क फोन न: ०६१-४६५२५९**


# एमाले महाधिवेशनमा २५० स्वास्थ्यकर्मी परिचालन हुने

**रासस**
**काठमाडौं, ५ मंसिर**

नेकपा (एमाले)को दसौँ राष्ट्रिय महाधिवेशनमा दुई सय ५० भन्दाबढी चिकित्सक परिचालन गरिने भएको छ ।

महाधिवेशनअन्तर्गतको स्वास्थ्य समितिले महाधिवेशनका लागि चिकित्सकसहितको सबै व्यवस्थापन तयारी पूरा गरेको जनाएको छ । स्वास्थ्य समितिको संयोजक भानुभक्त ढकाल र उपसंयोजक वैकल्पिक केन्द्रीय सदस्य रचना खड्का सहसंयोजक रहनुभएको छ । समितिका सदस्यले चितवनमा गएर खुलासत्र हुने नारायणी नदीको किनार र बन्दसत्र हुने सेभेन स्टार होटेलको अवलोकन गरिसकेको छ । समितिले प्राथमिक उपचारदेखि भैपरी आउने स्वास्थ्य समस्या हेर्ने गरी व्यवस्थापन गरेको संयोजक ढकालले बताउनुभयो । आवश्यक सङ्ख्यामा तयारी अवस्थामा एम्बुलेन्स राखिनेछ । महाधिवेशन उद्घाटनका दिन मङ्सिर १० गते नारायणी नदी किनारमा चिकित्सकहरूको नेतृत्वमा औषधि र उपकरणसहितको चारवटा स्टल राख्ने तयारी भएको छ । बन्दसत्रका लागि सेभेन स्टार होटेल नजिकै रहेको लायन्स क्लबको भवनमा चारवटा सटर राखेर नियमित चेकजाँचसहितको आपत्कालीन चिकित्सकीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

समितिमा रहनुभएका डा कृष्ण अधिकारी र डा सन्तोष पौडेलले दुई दिनअघि चितवनमा खटिने चिकित्सक र स्वास्थ्यकर्मीसँग छलफल गरेर आवश्यक व्यवस्थापन टुङ्गो लगाउनुभएको छ । फिल्डमा खटिने अधिकांश चिकित्सक चितवन र आसपास क्षेत्रका रहनुहुनेछ । समितिले होटेलमा रहेका प्रतिनिधिहरूका लागि आपत्कालीन स्वास्थ्य समस्या आइपरे नजिकका अस्पतालमा लगेर निःशुल्क उपचारको व्यवस्था मिलाएको छ । अतिआवश्यकीय सेवाका लागि प्रतिनिधि रहने क्षेत्रमा डेक्स राखिने ढकालले बताउनुभयो । नियमित र उमेरजन्य औषधि सेवनका लागि निःशुल्क व्यवस्था मिलाइएको छ । जस्तैः सुगर, प्रेसरका औषधि छुटेका प्रतिनिधिहरूलाई सहजै उपलब्ध गराइनेछ । आमसभा वा बन्दसत्रका लागि निर्धक्कसँग आउनेजाने र स्वास्थ्यको जोखिम नहुने गरी व्यवस्थापन गरिएको संयोजक ढकालले बताउनुभयो ।



मौरीघार वितरणः तनहुँको भिमाद नगरपालिकाका उपप्रमुख शारदा खनाल विभिन्न वडाका दलित तथा एकल महिलालाई मौरी घार वितरण गर्दै । उपमेयरसँग विपन्न दलित तथा एकल महिला कार्यक्रमअन्तर्गत नगरपालिकाका वडा नम्बर ४, ५, ७, ८ र ९ का विपन्नलाई मौरी घार वितरण गरिएको हो । तस्वीर : कृष्ण न्यौपाने, रासस

# चारै क्षेत्रमा नेतृत्व चयन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ मंसिर**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत बागलुङका चार प्रदेशक्षेत्रमा नयाँ नेतृत्व चयन भएको छ। शुक्रबारदेखि सुरु भएको अधिवेशनले जिल्लाका चार प्रदेश क्षेत्रमै निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गरेको पार्टी कार्यालयले जनाएको छ। चारवटै प्रदेश क्षेत्रमा सर्वसम्मत् नेतृत्व चयन नभएकाले शनिबार निर्वाचन गरिएको थियो ।

राति अबेरसम्म गरिएको मत गणनाअनुसार सबै क्षेत्रमा नयाँ नेतृत्व चयन भएको जिल्ला सभापति दीपेन्द्र थापाले बताउनुभयो । बागलुङ क्षेत्र नं १ (क) मा हरिबहादुर जिसी निर्वाचित हुनुभएको छ । उहाँले २६४ मत ल्याएर विजयी हुनुभएको छ । उहाँका प्रतिद्वन्द्वी ज्ञामनाथ कँडेलले १८८ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत रामराजा कँडेलले जानकारी दिनुभयो । उपसभापतिमा हरिबहादुर कार्की र ओमबहादुर थापा, सचिवमा सुर्यप्रसाद कँडेल र माधवप्रसाद उपाध्याय सहसचिवमा हीराबहादुर थापा र लालबहादुर सुनार विजयी हुनुभएको थियो । चारसय ६९ मतदाता रहेको यस क्षेत्रमा ४६३ मत खसेको थियो । आदिवासी जनजाति महिला प्रदेश महाधिवेशन प्रतिनिधिमा प्रमिला राजभण्डारी सर्वसम्मत चयन हुनुभएको छ ।

क्षेत्र नं २ (क) मा भने सर्वसम्मतरुपमा नेतृत्व चयन भएको निर्वाचन अधिकृत सरिता केसीले जानकारी दिनुभयो । उहाँका अनुसार सभापतिमा तिलक घर्ती मगर, उपसभापतिमा कलाधर सुवेदी र हरिचन्द्र खत्री, सचिवमा टीकाराम पुन (काउचा) र नीरबहादुर बोहरा, सहसचिवमा राजथापा क्षेत्री र हरिदत्त गौतम सर्वसम्मत चयन हुनुभएको थियो । प्रदेश महाधिवेशन प्रतिनिधिका लागि भएको निर्वाचनमा ४५१ मतदातामध्ये ४३५ मत खसेको र १७ मतदाता उपस्थित भएका थिए। क्षेत्र नं २ 'ख'को सभापतिमा मेषलाल शर्मा निर्वाचितहुनुभएको छ । प्रमुख प्रतिस्पर्धी खगेन्द्रमान पुनलाई ४९ मतअन्तरले पराजित गर्नुभएका शर्माले १८६ मत प्राप्त गर्नुभएको थियो । पुनले भने १३७ मत ल्याउनुभएको थियो ।

उपसभापतिमा इन्द्रबहादुर मल्ल र हिमाल विक निर्वाचित हुनुभएको थियो भने सचिवमा हेमबहादुर बुढा र हेमराज जैसी निर्विरोध निर्वाचित हुनुभएको थियो । सहसचिवमा ध्रुव शेरचन र सुरजकुमार अदै निर्वाचित हुनुभयो । प्रदेशप्रतिनिधि खस आर्यबाट धनराम पुरी, आदीवासी जनजातीतर्फ पुनिकला घर्ती मगर, दलित महिलातर्फ ईन्द्रकुमारी सिर्पाली निर्विरोध निर्वाचित हुनुभयो । क्षेत्र नं १ प्रदेश (ख) को सभापतिमा दलबहादुर श्रीस राना विजयी हुनुभएको छ । उहाँले प्रतिस्पर्धी धनबहादुर शाहीलाई १५० मतान्तरले पराजित गर्नुभएको थियो । चार सय ५६ मत खसेकामा श्रीसले २९३ मत र शाहीले १४३ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । उपसभापतिमा टेकनारायण शर्मा र रुद्रहरी शर्मा, सचिवमा बालकृष्ण शर्मा र लक्ष्मीप्रसाद सापकोटा, सहसचिवमा ओमबहादुर क्षेत्री र विशन शर्मा निर्वाचित हुनुभयो ।

प्रदेश महाधिवेशन प्रतिनिधि खुलातर्फ ईन्द्रराज पौडेल, ईश्वर ठाकुर पौडेल, कमलराज सापकोटा, प्रभाकर पौडेल, मोतीराम गौतम, लक्ष्मीकान्त शर्मा र सुमन भुषाल तथा खुल्ला महिलातर्फ उषा पौडेल र कमलादेवी शर्मा निर्वाचित हुनुभयो । महाधिवेशन प्रतिनिधिमा खस/आर्य पुरुषतर्फ प्रेम सापकोटा र श्रीकृष्ण पौडेल, आदिवासी/जनजातीतर्फ लेखबहादुर थापा, आरक्षण जनजाति महिलातर्फ माया थापा निर्वाचित हुनुभयो । दलितबाट केन्द्रबहादुर सुनार र अल्पसङ्ख्यक, मुस्लिम तथा अपाङ्ग कोटाबाट निलप्रसाद शर्मा सर्वसम्मत चयन हुनु भएको निर्वाचन समितिले जनाएको छ ।

# पर्यटन दूत बन्न योगगुरु रामदेवलाई पर्यटनमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, ५ मंसिर**

नेपाल सरकारले भारतीय योगगुरु रामदेवलाई पर्यटन दूतका रुपमा अघि सारेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले भारतीय योग गुरु रामदेवलाई नेपालको सद्भावना पर्यटन दूत बन्न आग्रह गर्नुभएको छ ।

मन्त्रालयद्वारा आज पशुपतिनाथ क्षेत्रस्थित हंशमण्डपमा आयोजना गरिएको योग शिविरमा बोल्दै मन्त्री आलेले योगगुरु रामदेवलाई नेपालको सद्भावना पर्यटनदूत बन्न आग्रह गर्नुभएको हो । मन्त्री आलेको आग्रहपछियोगगुरु रामदेवले नेपाल संसारकै अदितीय पर्यटकीय गन्तव्य भएको र आफू पर्यटन दूत हुन पाउनु गौरवको विषय भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल सरकारको पर्यटन दूत बन्न गरिएको आग्रहलाई उचित समयमा औपचारिक रुपमा ग्रहण गर्ने छु, दूत हुन पाउनु मेरो गौरवको विषय हो ।" उक्त शिविरकै अवसरमा मन्त्री आलेले योगगुरु रामदेव र आचार्य बालकृष्णलाई पशुपतिनाथको दर्शन समेत गराउनुभएको थियो । मन्त्री आलेले योगगुरु रामदेव तथा आचार्य बालकृष्णलाई मन्त्रालयका तर्फबाट सम्मानसमेत गर्नुभएको थियो । उक्त योग शिविरमा पूर्व अर्थराज्यमन्त्री लार्के लामा, एनआरएनका संस्थापक अध्यक्ष डा उपेन्द्र महतो, पशुपति क्षेत्र विकास कोषका पदाधिकारी, मन्त्रालयका उच्च अधिकारी र सयौँ योग साधकको उपस्थिति रहेको थियो । योगशिविर पश्चात् योगगुरु रामदेव तथा आचार्य बालकृष्ण नेपाल वायुसेवा निगमको नियमित उडानमार्फत भारतको नयाँदिल्ली प्रस्थान गर्नुभएको छ । योगगुरु रामदेव र आचार्य बालकृष्ण बिहीबार नेपाल आउनुभएको हो ।


## शिक्षक आवश्यकता

**यस विद्यालयमा मिति २०७८/०७/१६ को पोखरा महानगरपालिका शिक्षा महाशाखाबाट प्राप्त पत्र र मिति २०७८/०८/०३ मा बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार माध्यमिक तहको शिक्षण सिकाइ अनुदानको २ ओटा कोटामा विज्ञान र अङ्ग्रेजी विषयको (१/१)जना शिक्षकहरु आवश्यकता परेको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट नियमानुसार आवेदन दिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल :-**

**पदः क) मा. वि. तहको विज्ञान विषय शिक्षक - १ जना**
**ख) मा. वि. तहको अङ्ग्रेजी विषय शिक्षक - १ जना**

**१) न्यूनतम योग्यताः सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह ।**
**२) दरखास्त बुझाउने स्थानः विद्यालयको कार्यालय (बिहान १० बजे देखि ४ बजेसम्म )**
**३) दरखास्त बुझाउने अन्तिम मिति : २०७८/०८/२०**
**४) सम्पर्क मिति : २०७८/०८/२२**
**५) परीक्षा मिति र स्थान : सम्पर्कको दिनमा तोकिने छ ।**
**६) छनौटको प्रक्रिया : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता ।**
**७) परीक्षा दस्तुर : रु. १५००।-(एक हजार पाँच सय मात्र)**
**८) तलब स्केल : नेपाल सरकारबाट प्राप्त अनुदान ।**
**९) नियुक्ति प्रकार : करार**
**१०) पाठ्यक्रमः शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम ।**
**११) आवश्यक कागजातहरु :**
**क) निवेदन**
**ख) नेपाली नागकिताको प्रतिलिपि**
**ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपि**
**घ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि**

**अन्य जानकारीको लागि विद्यालयमा सम्पर्क गर्नुहोला ।**
**सम्पर्क नं. ०६१-४०२०५६/९८५६०५०३६०**

**श्री जानकी माध्यमिक विद्यालय**
**पोखरा-१७ महतगौडा, कास्की**